**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०७ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले राज्य सञ्चालित विद्यालयहरूमा २५,७५३ शिक्षक र गैर-शिक्षक पदहरूमा नियुक्ति रद्द गर्ने सर्वोच्च अदालतको निर्णयमाथि गम्भीर प्रश्न उठाउनुभएको छ।

- पश्चिम बंगालका विपक्षी नेता शुभेन्दु अधिकारीको नेतृत्वमा भाजपाका विधायकहरूले आज राज्य सरकारको विरोधमा प्रदर्शन गरेका छन्।

- प्राथमिक शिक्षक नियुक्ति घोटालामा 32 हजार नोकरीलाई रद्द गर्ने सम्बन्धित मामिलाको सुनवाई आज कलकत्ता हाई कोर्टमा हुन सकेन।

- दार्जिलिङ पुलबजार खण्ड अधिनस्त झेपी तथा रेलिङ ग्राम पन्चायतको सिमा नजिकै सालेबुङ फरेस्ट अधिनस्त एक अज्ञात शव भेट्टिएको छ|

**मुख्यमन्त्री ममता बनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज राज्य सञ्चालित विद्यालयहरूमा २५,७५३ शिक्षक र गैर-शिक्षक पदहरूमा नियुक्ति रद्द गर्ने सर्वोच्च अदालतको निर्णयमाथि गम्भीर प्रश्न उठाउनुभएको छ। यस निर्णयको पछाडि कुनै "खेल" भएको आशंका व्यक्त गर्नुहुदै उहाँले केही शक्तिहरूले पर्दा पछाडि षड्यन्त्र गरिरहेका बताउनुभयो।कोलकाताको नेताजी इन्डोर स्टेडियममा नोकरी गुमाउनेहरूलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्रीले , "के यो निर्णयको पछाडि कुनै खेल छ? पर्दा पछाडिबाट यो खेल कसले खेलेको छ?"भनि प्रश्न गर्नुभयो| मुख्यमन्त्रीले सर्वोच्च अदालतलाई कुन उम्मेदवार 'सही' छन् र को 'दोषी' छन् स्पष्ट पार्न माग गर्नुभयो साथै उहाँले मानवताको नाममा, हामी सर्वोच्च अदालतलाई वास्तविक र दोषी उम्मेदवारहरूको छुट्टाछुट्टै सूची राज्य सरकारलाई हस्तान्तरण गर्न अनुरोध गर्नुभयो। उहाँले नियुक्ति औपचारिक रूपमा रद्द नभएसम्म शिक्षकहरूलाई आफ्नो स्वैच्छिक सेवा जारी राख्न अपील गर्नुभयो। ममता बनर्जीले देशका शीर्ष वकिलहरूको टोलीले उच्चतम स्तरमा मुद्दा चलाउने घोषणा पनि गर्नुभयो। सेवामा रहेकाहरूको अधिकारको रक्षा गर्नु राज्य सरकारको दायित्व रहेको बताउनु हुदै हामी कानुनी ढाँचा भित्र बसेर आवश्यक कदम चाल्नेछौं भनि भन्नुभयो। मुख्यमन्त्रीले राज्यको शिक्षा प्रणालीलाई अस्थिर बनाउने षड्यन्त्र भइरहेको आरोप लगाउनुभयो।

**शुभेन्दु अधिकारी**

पश्चिम बंगालका विपक्षी नेता शुभेन्दु अधिकारीको नेतृत्वमा भाजपाका विधायकहरूले आज राज्य सरकारको विरोधमा प्रदर्शन गरे। यस क्रममा शुभेन्दु अधिकारीले मुख्यमन्त्री ममता बनर्जीमाथि कटाक्ष गर्दै उहाँले राजीनामा दिएर जेल जानुपर्ने बताउनुभयो। सर्वोच्च अदालतको आदेशमा शिक्षकहरूले नोकरी गुमाएपछि आज मुख्यमन्त्री प्रभावित शिक्षाकर्मीहरूसँग बैठक गर्नुभयो। यस बैठकको आलोचना गर्नुहुदै शुभेन्दु अधिकारीले ममता बनर्जीलाई मुद्दाको मुख्य लाभार्थी रहेको अनि उहाँको भतिजले ७०० करोड रुपैयाँ घुस लिएको आरोप लगाउनुभयो।

**प्राथमिक शिक्षक नियुक्ति घोटाला**

प्राथमिक शिक्षक नियुक्ति घोटालामा 32 हजार नोकरीलाई रद्द गर्ने सम्बन्धित मामिलाको सुनवाई आज कलकत्ता हाई कोर्टमा हुन सकेन। डिभीजन बेञ्चका एकजना सदस्य न्यायमूर्ति सौमेन सेनले निजी कारणको आधारमा आफूलाई मामिलादेखि टाड़ा राखे। त्यसपछि मामिलालाई हाई कोर्टका मुख्य न्यायाधीश टीएस शिवगणनमकहाँ पठाइएको छ।सोमवार यस मामिलाको सुनवाई न्यायमूर्ति सौमेन सेन र न्यायमूर्ति स्मिता दास डेको डिभीजन बेञ्चमा हुनुथ्यो तर न्यायमूर्ति सेन यसबाट अलग्गिएपछि नियमहरू अनुरूप यो मामिला अब यस डिबीजन बेञ्चको अधिनमा रहेन। उल्लेखनीय छ, मई, 2023- मा हाई कोर्टका तत्कालीन न्यायमूर्ति अभिजीत गांगुलीले 32 हजार प्राथमिक शिक्षकहरूको नियुक्तिलाई रद्द गर्ने आदेश दिएका थिए। राज्य सरकारले यस आदेशविरूद्ध डिभीजन बेञ्चमा अपील गरेको थियो। यसैसित सम्बन्धित अर्को याचिकामा न्यायमूर्ति अमृति सिन्हाले 42 हजार नियुक्तिको नयाँ सूची प्रकाशित गर्ने निर्देश दिएकी थिइन्। त्यस आदेशमाथि हाल सुप्रीम कोर्टले स्थगन लगाइदिएको छ।

**<u>राज्यपाल डा. सी. वी. आनन्द बोस</u>**

पश्चिम बंगालमा यस वर्ष राम नवमीको अवसरमा राज्यभरि नै शान्ति अनि उमंगको वातावरण देख्न पाइयो। राज्यपाल डा. सी. वी. आनन्द बोसले यस सफल आयोजनका लागी मुख्यमन्त्री ममता ब्यनर्जी अनि राज्य सरकारको प्रशंसा गर्नुभयो। राजभवनद्वारा जारी एक विज्यप्तिमा राज्यपालले, पछिल्लो वर्ष देखिएको "राजनीतिक आक्षेप अनि हिंसा"- का घटनाहरू यसपालि टाड़ाको कुरा लागिरहेको बताउनुभएको छ। उहाँले, "हालका वर्षहरूमा पश्चिम बंगालमा पहिलो पटक रामनवमी पूर्ण शान्तिपूर्वक सम्पन्न भएको बताउनुभयो।
राज्यपाल बोसले राज्यवासीहरूप्रति पनि आभार व्यक्त गर्दै भन्नुभयो|

**<u>पुलबजार शव वरामद</u>**

दार्जिलिङ पुलबजार खण्ड अधिनस्त झेपी तथा रेलिङ ग्राम पन्चायतको सिमा नजिकै सालेबुङ फरेस्ट अधिनस्त पर्ने ठोट्ने खोल्सामा आइतबार एक अज्ञात शव भेट्टिएको खबर प्राप्त भएको छ। घटनाअनुसार आईतबार दिउँसो लगभग एघार बजेतिर जंगल जादा गाउँलेहरुले ठोट्ने खोल्सामा नरककाल आवस्थामा रहेको एक शव देखेपछि स्थानीयहरुमा निक्कै होहल्ला मच्चीएको थियो, उनीहरूले  यस कुराको जानकारी रेलिङ तथा झेपी ग्रामका जनप्रतिनिधिहरुलाई गरेपछि झेपी ग्राम पन्चायतको उपप्रधान एबी राई लगायतको टोलीले स्थलगत भ्रमण गरि भेट्टिएको शवबारेमा आवस्यक छानबिन गरिदिन प्रशासनसामु अपील गरेका छन। यसैगरी उक्त खबर पाउनसाथ पुलबजार थानाबाट खटिएका प्रशासनीक अधिकारीहरुले स्थलगत भ्रमण गरि नरककाल रुपी शवलाई उद्दार गरि पोस्टमार्टमको निम्ति पठाइएको प्रशासन पक्षले जनाएको छ। यसमा साथै यस शवबारेमा आवस्यक छानबिन शुरु गरिसकेको प्रशासनले जनाएको छ भने  हालसम्म शवबारेमा ठोस जानकारी प्राप्त नभएको तथा शवको आवस्था हेर्दा धेरै अधि नै यो घटना हुनसक्ने आशका गरिएको छ।

**<u>सट डाउन</u>**

पश्चिम बंगाल राज्य विध्युत प्राधिकरण खरसांग बाट एउटा निर्देशिका जारी गरिएको छ। जस अनुसार १३ अप्रेल आइतबारको दिन पंखाबारी ३३/११ के.भी सवस्टेशन बिहान १० बजेदेखि दिउँसो २ बजेर ३० मिनटसम्म वाधित रहनेछ। अब आउने वर्षाको मौसमलाई ध्यानमा राख्दै मरम्मति कार्यको निम्ति उक्त दिन विध्युत सेवा वाधित रहने निर्देशिकामा जनाईएको छ। यस मरम्मति कार्य अवधि खरसांग अप डिभिजन अर्न्तगत सबै क्षेत्रहरूमा विध्युत आपूर्ति हुनेछैन। विध्युत प्राधिकरण खरसांगले असुविधाप्रति अगावै खेद प्रकट गरेको छ।

**<u>७ औं एस.के. सुब्बा मेमोरियल अवार्ड</u>**

गत वर्षको माध्यमिक बोर्ड परीक्षामा ६२% अंक  प्राप्त गर्ने धनमानडाँडा  पुलुङदुङ बस्ती  निवासी अकक्षा  सुब्बा  साथै उच्च माध्यमिक बोर्ड परीक्षामा ८७% अंक  प्राप्त गर्ने पुलुङ्दुङ बस्ती   छेवाधुरा निवासी दिव्या खवास लाई **द बासु एजुकेशनल ट्रस्ट** साथै  **हाम्रो बसु फाउन्डेसन**द्वारा सुरु गरिएको प्रतिष्ठित ७ औं एस.के. सुब्बा मेमोरियल अवार्ड २०२४ ले सम्मानित गरिएको छ ।बासु एजुकेशनल ट्रस्टले हाम्रो बासु फाउन्डेसनसँगको सहकार्यमा यस प्रकारको  पुरस्कार मार्फत प्रत्येक वर्ष पुलुङडुङ बस्तीका शैक्षिक उपलब्धि हासिल गर्नेहरूलाई सम्मान गर्ने भएको छ ।

**मिरिक पर्यटन**

मिरिक पर्यटन केन्द्रमा ग्रीष्मकालिन मौसमको आनन्द लिन पर्यटकहरूको आगमनमा वृद्धि भएको छ। पहाडको मौसममा केही परिवर्तन देखिएता पनि एक प्रकारको चिसो यथावत रहेको कारण पर्यटकहरू मधेस क्षेत्रबाट पहाड चढिरहेका छन्। मधेसको गर्मीबाट राहत पाउन पर्यटकहरूले दिनभरि पर्यटन केन्द्रको प्राकृतिक सौन्दर्यको आनन्द लिईरहेका छन्।

****** ० ******

**मौसम**

पश्चिम बंगालमा फरि मौसम परिवर्तन हुने संभावना व्यक्त गरिएको छ। मौसम विभागले बताए अनुसार निरन्तर आइरहेको चक्रवातको प्रभावले राज्यमा भारी वर्षा तथा हावाहुरी आउनसक्ने संभावना रहेको छ। समुद्र तटीय क्षेत्रहरूमा ज्वारभाटा आउने आशंका पनि व्यक्त गरिएको छ। मौसम विज्ञान केन्द्र अलिपुर अनुसार दक्षिण - पूर्व बंगालको खाड़ी अनि अण्डमान सागर नजीक चक्रवतीय परिसंरचना क्षेत्र निमार्ण भएको छ। मंगलबार पश्चिम मेदिनीपुर , पूर्व र पश्चिम वर्दमान , वीरभूम , मुर्शिदाबाद, बाँकुड़ा , पुरूलिया तथा झाड़ग्राम जिल्लामा ३० देखि ४० किलोमिटर प्रतिघण्टाको गतिले हाल चल्न सक्ने भने बुधबार दक्षिण २४ परगना र पूर्व मेदिनीपुर समेत केही पश्चिमी जिल्लाहरूमा मेघ गर्जनसितै पानी पर्ने संभावना छ। आगामी दुई दिनमा तापमाानमा कुनै परिवर्तन भने आउने छैन। तथापि बुधबारदेखि तापमान २ देखि ३ डिग्री सेल्सियससम्म घटन सक्छ। उत्तर बंगालमा सोमबार र मंगलबार मेघ गर्जनसितै सामान्यदेखि मध्यम वर्षा हुने बताईएको छ।

**कालेबुङ सफाई अभियान**

कालेबुङ बोङ बस्तीमा बोङ पर्यावरण संरक्षण समितिको पहलमा सफाई अभियान सम्पन्न गरिएको छ। गोकुल परिसरमा जताभाबि फोहोर फ्यालिने गरिएकोले पहिरो जाने गरेकोले यसलाई समयमा नै व्यवस्थित गर्न अनि गाउँलाई स्वच्छ बनाउन पहल गरिएको भुपेन राईले बताएका छन्। यो अभियानमा स्थानिय चार वटा संस्थाले सहभागिता जनाएको छ भने आउँदो दिनमा यसलाई अझ बृहत रूपमा अघि लाने सोच रहेको जनाइएको छ।